# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मितिः २०८३।०१।३० गते।

## प्रेस विज्ञप्ति

**विषयः** राष्ट्रिय सतर्कता केन्द्रद्वारा आर्थिक वर्ष २०८१/०८२ को सम्पत्ति विवरण अनुगमन प्रतिवेदन अख्तियार दुरुपयोग अनुसन्धान आयोग समक्ष पेस।

राष्ट्रिय सतर्कता केन्द्रद्वारा आर्थिक वर्ष २०८१/०८२ को सम्पत्ति विवरण अनुगमन प्रतिवेदन मिति २०८३/०१/३० गते आयोगमा आयोजित एक कार्यक्रमका बिच केन्द्रका सचिवले अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय प्रमुख आयुक्त समक्ष पेस गर्नुभयो। सार्वजनिक पदमा बहाल रहेको व्यक्तिले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५०(१) बमोजिम सार्वजनिक पद धारण गरेको मितिले साठी दिनभित्र र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र कानुनबमोजिम आफ्नो सम्पतिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण पेस गर्नुपर्ने व्यवस्था रहेको र तोकिएको म्यादभित्र सम्पत्तिको विवरण पेस नगर्ने सार्वजनिक पद धारण गरेको व्यक्तिलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५०(३) बमोजिम कारबाही गर्ने व्यवस्था रहेको छ।

उक्त अवसरमा प्रतिवेदन ग्रहण गर्नुहुँदै आयोगका माननीय प्रमुख आयुक्त प्रेम कुमार राईले ऐनद्वारा तोकिएबमोजिम प्रतिवेदन पेस गरेकोमा राष्ट्रिय सतर्कता केन्द्रलाई धन्यवाद दिनु हुँदै सम्पति विवरण नभराउने कार्यालय प्रमुखलाई सो बिषयमा जिम्मेवार बनाउनु पर्ने र यसलाई कार्यसम्पादनसँग आबद्धता गर्नु आवश्यक रहेको कुरामा जोड दिनु भयो।

माननीय प्रमुख आयुक्तले अवकाशमा जाने कर्मचारीहरूले अवकाश पत्र लिनु अगाडि सम्पत्ति विवरण भर्ने व्यवस्था गर्न र सात वटै प्रदेश एवं मन्त्रालय तहमा समेत सम्पत्ति विवरण भर्ने सम्बन्धी अनुशिक्षण सञ्चालन गर्न सुझाव दिनुभयो।

सो अवसरमा, ७ भाग र ४ वटा अनुसूची सहित कूल २९८ पेज रहेको सम्पत्ति विवरण अनुगमन प्रतिवेदन पेस गर्नुहुँदै राष्ट्रिय सतर्कता केन्द्रका सचिव श्री सरजु कुमार वैद्यले प्रतिवेदनमा रहेको विषयहरूलाई संक्षिप्तरुपमा प्रकाश पार्नुभयो। प्रतिवेदन अनुसार आर्थिक वर्ष २०८१/०८२ मा सम्पत्ति विवरण बुझाउने दायित्व भएका संघ, प्रदेश र स्थानीय तहका क्रमश: ४,६९८८० जना, २३,६०६ जना र २,७८,८१२ जना कर्मचारी तथा पदाधिकारीहरूमध्ये संघ, प्रदेश र स्थानीय तहका क्रमश: ४,६५,४५० जना २३,१४८ जना र २,७८,४३५

जना गरी कूल ७,६७,०३३ (९९.३२%) जनाले सम्पति बुझाएको र जम्मा ५,२६५ (०.६८%) जनाले तोकिएको समयावधि भित्र सम्पत्ति विवरण नबुझाएको प्रतिवेदनमा उल्लेख छ। तीन तहमध्ये प्रदेश तहमा सम्पत्ति बिबरण नबुझाउनेको संख्या सबभन्दा बढी १.९४ प्रतिशत रहेको देखिएको छ।

साथै विगत वर्षहरूमा भन्दा सम्पत्ति विवरण नबुझाउनेको संख्या घट्दो क्रममा रहेको प्रतिवेदनबाट देखिन्छ। तोकिएको समयावधिभित्र सम्पत्ति विवरण नबुझाएका सार्वजनिक पद धारण गरेका राष्ट्रसेवक तथा पदाधिकारीहरूलाई प्रचलित कानुनबमोजिम आवश्यक कारबाहीका लागि आयोगले कदम चाल्ने छ।

प्रवक्ता
सुरेश न्यौपाने